तिनाउ गाउँपालिका

# गाउँ सभा सचिवालय

पाल्पा जिल्ला, लुम्बिनी प्रदेश, नेपाल

## सभाका सदस्यहरुको उपस्थिति माइन्युट

अधिवेशन: १८औं
बैठक स्थान: तिनाउ गाउँपालिकाको सभाहल
बैठक समय: बिहान ११ ३० बजे

बैठक संख्या: २
बैठकको मिति: २०८२।०९।३०
अध्यक्षता: श्री प्रेम श्रेष्ठ

| क.सं. | पदाधिकारीको नाम | पद | दस्तखत | कै |
|---|---|---|---|---|
| १ | श्री प्रेम श्रेष्ठ | अध्यक्ष | | |
| २ | श्री लाल बहादुर थापा | उपाध्यक्ष | | |
| ३ | श्री भुवन सिं चिदी | गाउँसभा सदस्य | | |
| ४ | श्री यादव प्रसाद अर्याल | गाउँसभा सदस्य | | |
| ५ | श्री चित्र बहादुर थापा | गाउँसभा सदस्य | | |
| ६ | श्री तुल बहादुर आले | गाउँसभा सदस्य | | |
| ७ | श्री ईन्द्र कुमारी गाहा चिदी | गाउँसभा सदस्य | | |
| ८ | श्री टोम बहादुर पुन | गाउँसभा सदस्य | | |
| ९ | श्री पम्फा मगर | गाउँसभा सदस्य | | |
| १० | श्री धन कमारी बगाले | गाउँसभा सदस्य | | |
| ११ | श्री कुमारी सुनार | गाउँसभा सदस्य | | |
| १२ | श्री गंगा कुमारी राना बगाले | गाउँसभा सदस्य | | |
| १३ | श्री सन्तोष दमाई परियार | गाउँसभा सदस्य | | |
| १४ | श्री छविलाल गहतराज सुनार | गाउँसभा सदस्य | | |
| १५ | श्री रुप कुमारी कामी | गाउँसभा सदस्य | रुप | |
| १६ | श्री देउ बहादुर पुन | गाउँसभा सदस्य | | |
| १७ | श्री यम बहादुर घर्ती | गाउँसभा सदस्य | यमबहादुर | |
| १८ | श्री भवानी न्यौपाने | गाउँसभा सदस्य | | |
| १९ | श्री शान्ती वि.क. | गाउँसभा सदस्य | शान्ती | |
| २० | श्री राम बहादुर पल्ली | गाउँसभा सदस्य | | |

Scanned with CamScanner

तिनाउ गाउँपालिका

# गाउँ सभा सचिवालय

पाल्पा जिल्ला, लुम्बिनी प्रदेश, नेपाल

| क्र.सं. | पदाधिकारीको नाम | पद | दस्तखत | कै |
|---|---|---|---|---|
| २१ | श्री बिनोद खत्री | गाउँसभा सदस्य | | |
| २२ | श्री पुजा दमै | गाउँसभा सदस्य | पुजा | |
| २३ | श्री किशान बिश्वकर्मा | गाउँसभा सदस्य | | |
| २४ | श्री टंकनाथ बस्याल | गाउँसभा सदस्य | | |
| २५ | श्री दुर्गा सुनारी | गाउँसभा सदस्य | | |
| २६ | श्री कमला सुनार | गाउँसभा सदस्य | | |
| २७ | श्री चुलविर दर्लामी | गाउँसभा सदस्य | | |
| २८ | श्री तिलक सिंह चिदी | गाउँसभा सदस्य | | |
| २९ | श्री आगेदेवी मिधुन | गाउँसभा सदस्य | | |
| ३० | श्री गोपाल सिं चौहान | गाउँसभा सदस्य | | |
| ३१ | श्री मान बहादुर दर्लामी | गाउँसभा सदस्य | | |
| ३२ | श्री सीता सुनार | गाउँसभा सदस्य | | |
| ३३ | श्री चुन्न बहादुर विष्ट | गाउँसभा सदस्य | | |
| ३४ | श्री ज्ञान बहादुर दर्लामी | गाउँसभा सदस्य | | |
| ३५ | श्री दिनेश सारु | सदस्य सचिव | | |

Scanned with CamScanner

तिनाउ गाउँपालिका

## गाउँ सभा सचिवालय

पाल्पा जिल्ला, लुम्बिनी प्रदेश, नेपाल

अन्य उपस्थितिहरु:-

| सि.न. | नाम / पद | | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री लक्ष्मी कुवँर | शाखा अधिकृत | | |
| २ | श्री शंकर पुरी | लेखा अधिकृत | | |
| ३ | श्री कृष्ण कार्की | जनस्वास्थ्य अधिकृत | | |
| ४ | श्री ई. किसन कुवँर | ईन्जिनियर | | |
| ५ | श्री काशिनाथ आचार्य | प्रशासकीय अधिकृत | | |
| ६ | श्री तुल बहादुर घर्ति मगर | सूचना प्रविधि अधिकृत | | |
| ७ | श्री श्री कृष्ण ज्ञवाली | रोजगार संयोजक | | |
| ८ | श्री रिता थापा मगर | सिनियर अनमी निरीक्षक अधिकृत | | |
| ९ | श्री रमेश थापा | बन प्राविधिक | | |
| १० | श्री हेमन्त कुमार शर्मा | सहायक कृषि विकास अधिकृत | | |
| ११ | श्री ममता गुरुङ | जनस्वास्थ्य अधिकृत | | |
| १२ | श्री खिम बहादुर राना | सहायक प्रशासकीय अधिकृत | | |
| १३ | श्री सुनिल के. सी. | सहायक लेखा अधिकृत | | |
| १४ | श्री बल बहादुर वि.क. | सहायक आन्तरिक लेखा परीक्षण | | |
| १५ | श्री हरी प्रसाद पराजुली | प्राविधिक अधिकृत | | |
| १६ | श्री बावुराम पोखेल | सहायक कम्प्युटर अधिकृत | | |
| १७ | श्री केशव पन्थी | सहायक पाँचौ | | |
| १८ | श्री कमला जि.सी | सामाजिक परिचालक | | |
| १९ | श्री चिरन्जीवी आचार्य | सामाजिक परिचालक | | |
| २० | श्री निरन्जन लामिछाने | बरिष्ठ प्रशासन सहायक | | |
| २१ | श्री आशिष अधिकारी | सब ईन्जिनियर | | |
| २२ | श्री अनिस पौडेल | प. स्वा. प्रा. | | |
| २३ | श्री गोपिका पौडेल | सहायक पाचौँ | | |
| २४ | श्री रोसन रावल | वडा सचिव वडा नं.१ | | |
| २५ | श्री विष्णुमाया गिरी | वडा सचिव वडा नं.२ | | |
| २६ | श्री चेव बहादुर कुवँर | वडा सचिव वडा नं.३ | | |
| २७ | श्री विकास रावल | वडा सचिव वडा नं. ५ | | |
| २८ | श्री खिम बहादुर सारु | वडा सचिव वडा नं. ६ | | |
| २९ | श्री सुमन नेपाल | सब ईन्जिनियर | | |
| ३० | श्री तिलक जि.सि. | सव ईन्जिनियर | | |

Scanned with CamScanner

**कार्यसूचीहरुः**

१: बैठक शुभारम्भ।

२: सिद्धबाबा मन्दिर विकास समितिमा मनोनित प्रस्ताव पेश तथा पारित सम्बन्धमा।

३: सम्मान प्रस्ताव पेश तथा पारित सम्बन्धमा ।

४: तिनाउ गाउँपालिकाको स्वास्थ्य विधेयक,२०८२ को सैद्धान्तिक पक्षमा छलफल तथा निर्णयार्थ पेश सम्बन्धमा।

५: तिनाउ गाउँपालिकाको आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८२ को सैद्धान्तिक पक्षमा छलफल तथा निर्णयार्थ पेश सम्बन्धमा।

६: तिनाउ गाउँपालिकाको विनियोजन विधेयक (प्रथम संशोधन), सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८२ को सैद्धान्तिक पक्षमा छलफल तथा निर्णयार्थ पेश सम्बन्धमा।

७: अधिवेशन अन्त्य सम्बन्धमा।

**निर्णयहरुः**

निर्णय नं १: कार्यसूची नं १ को सन्दर्भमा तिनाउ गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनको दोस्रो बैठक सभाध्यक्ष ज्यू मार्फत शुभारम्भ गरि बैठकको कार्य प्रकृया अगाडी बढाइयो।

निर्णय नं २: कार्यसूची नं २ माथि छलफल गर्दा सिद्धबाबा मन्दिर विकास समितिको च.नं.२५,मिति २०८२।०९।१३ को पत्र मार्फत गाउँ कार्यपालिकाबाट १ जना महिला सदस्य सहित ३ जना र गाउँ परिषदबाट १ महिला सहित ४ जना गरि ७ सदस्य प्रतिनिधी चयन गरि उपलब्ध गराइ दिनु भनि पत्राचार गरेकोमा सभा सदस्य श्री चित्र बहादुर थापा द्धारा पेश गरेको सो सम्बन्धी मनोनित प्रस्ताव देहायबमोजिम हुने गरि सभा द्धारा सर्वसम्मत स्विकृत तथा अनुमोदन गर्ने निर्णय गरियो।

**देहायः**

**गाउँ परिषदबाटः**

१. श्री बर्षा रायमाझी : महिला सदस्य

२. श्री अरविन्द पाण्डे : सदस्य

३. श्री राम बहादुर थापा : सदस्य

४. श्री सन्तोष शेरचन : सदस्य

Scanned with CamScanner

निर्णय नं ३ : कार्यसूची नं ३ को सन्दर्भमा तिनाउ गाउँपालिका वडा नं २ स्थित नुवाकोटमा सञ्चालनमा रहेको श्री सिद्धार्थ केवलकार प्रा. लि. ले उक्त स्थानमा भैरव कामना मन्दिर निर्माण कार्यमा ६० लाख बढी आर्थिक सहयोग गरेको हुँदा उक्त प्रा.लि.लाई सम्मान गर्ने सम्बन्धी प्रस्ताव सभा सदस्य श्री यादव प्रसाद अर्याल द्धारा सभा समक्ष पेश गर्नुभएकोमा सो प्रस्ताव सभा द्धारा सर्वसम्मत स्विकृत तथा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ : कार्यसूची नं ४ को सन्दर्भमा यस तिनाउ गाउँपालिकाको स्वास्थ्य विधेयक,२०८२ सामाजिक विकास समितिका संयोजक श्री तुल बहादुर आले द्धारा सभा समक्ष निर्णयार्थ पेश गर्नुभएकोमा सैद्धान्तिक बिषयमा छलफल गरि उक्त बिधेयक सभाद्धारा सर्वसम्मतले स्विकृत गर्दै अनुमोदन तथा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ५ : कार्यसूची नं ५ को सन्दर्भमा यस तिनाउ गाउँपालिकाको आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८२ सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री इन्द्र कुमारी चिदी द्धारा सभा समक्ष निर्णयार्थ पेश गर्नुभएकोमा सैद्धान्तिक बिषयमा छलफल गरि उक्त बिधेयक सभाद्धारा सर्वसम्मतले स्विकृत गर्दै अनुमोदन तथा पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ६ : कार्यसूची नं ६ को सन्दर्भमा यस तिनाउ गाउँपालिकाको विनियोजन विधेयक (प्रथम संशोधन), सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८२ बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री लाल बहादुर थापा द्धारा सभा समक्ष निर्णयार्थ पेश गर्नुभएकोमा सैद्धान्तिक बिषयमा छलफल गरि परिमार्जन सहित उक्त बिधेयक सभाद्धारा सर्वसम्मतले स्विकृत गर्दै अनुमोदन तथा पारित गर्ने निर्णय गरियो। (अनुसूची १)

निर्णय नं ८: तिनाउ गाउँपालिकाको चालू आ व को बार्षिक स्विकृत आयोजना तथा कार्यक्रम अन्तर्गतको बाल मैत्री विद्यालय मर्मत कार्यक्रममा विनियोजन गरिएको रकमलाइ देहायबमोजिम हुने गरि बिद्यालयगत बाँडफाँड गरि सम्बन्धित विद्यालय मार्फत उक्त मर्मत सम्भार कार्य गराउने सर्वसम्मत निर्णय गरियो। (अनुसूची २)

निर्णय नं ७: तिनाउ गाउँपालिकालाई चालू आर्थिक बर्ष भित्र बालमैत्री स्थानीय शासन युक्त पालिका तथा वडा घोषणा गर्ने गरि तोकिएका सूचक अनुरुप कामकारवाहीमा शिघ्रता कायम गरि बालमैत्री स्थानीय शासन युक्त पालिका तथा वडा घोषणा गर्ने र सो को दिगोपनाको सुनिश्चितता समेत कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं ८: यस तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको चालू आ.व.मा गरेका कार्यपालिकाको सम्पूर्ण निर्णयहरु अनुमोदन तथा सदर गर्दै गाउँ कार्यपालिकाको कार्यालयले गरेका खर्च,सहायता प्रदान तथा वितरण गरेका जिन्सी,विपद व्यवस्थापन सम्बन्धी सम्पूर्णको खर्च व्यवस्थापन लगायतको सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं ९ : यस तिनाउ गाउँपालिकाको बार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने क्रममा खानेपानी संस्थान, बुटवल उपमहानगर लगायतबाट खर्च व्यहोर्ने स्रोत कायम गरि बार्षिक विकास कार्यक्रम तर्जुमा गरिएकोमा सो निकायबाट प्राप्त हुनु पर्ने राजश्व स्रोत प्राप्त हुन नसक्ने अवस्था सिर्जना भएमा विनियोजन पश्चात् कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरुको फरफारकको लागि अन्य उपयुक्त स्रोत तथा शिर्षकबाट रकमान्तर गरि गर्ने निर्णय गरियो।

निर्णय नं १०: यस तिनाउ गाउँपालिकामा कार्यरत अधिक कार्यचाप रहेका कर्मचारीहरुलाइ निजहरुले उच्च कार्यचापमा समेत सम्पादन गरेको कामकाजको मूल्यांकन स्वरुप तिन महिनाको पन्ध्र दिन बराबरको प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ११: तिनाउ गाउँपालिका गाउँसभाको १८ औं अधविशन अनुत्यको पत्र वाचन गर्दै १८ औं अधिवेशन सम्पन्न गर्न सहयोग पुर्याउनु हुने सम्पूर्ण सभाका सदस्यहरु,सचिवालय तथा कर्मचारीहरुलाइ धन्यवाद ज्ञापन गर्दै आजकै मिति र अहिलेको समयदेखि सभाको १८ औं अधिवेशन अन्त्य गरिएको घोषणा गरियो।

Scanned with CamScanner